# चौरजहारी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

चौरजहारी, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल

०८८-४०११४६,९८५७८२६१११
ito.chaurjaharimun@gmail.com


प.स. : २०८०/०८१
च.नं. : १५००

मिति : २०८०/१२/१२

**विषय :- नापजाँच भइ दर्ता छुट भएका जग्गा दर्ता गर्ने सम्वन्धमा ।**

**श्री जो जससँग सम्बन्ध राख्दछ ।**

उपर्युक्त विषयमा मालपोत कार्यालय, रुकुम (पश्चिम) को च.नं. १२६६, मिति २०८०/१२/०६ गतेको नापजाँच भएका दर्ता छुट भएका जग्गा दर्ता सम्बन्धी पत्र र सोसाथ संलग्न सूचना यसैसाथ संलग्न गरिएको छ । थप व्यहोरा सोही सूचनाबाट अवगत गरी सोहीअनुसार नापजाँच भइ दर्ता छुट भएका जग्गा दर्ता गर्नुहुन अनुरोध छ ।

२०८०/१२/१२
............
शेरप्रसाद ढकाल
नि. प्रमुख प्रशासकीय अधिकृत

नेपाल सरकार

भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय

भूमि व्यवस्थापन तथा अभिलेख विभाग

# मालपोत कार्यालय रुकुम पश्चिम

फोन/फ्याक्स : ०८८-५३०१४९

Email:rukum@dolma.gov.np

प.स. : २०८०/०८१

च.न १२६६

मिति २०८०।१२।०६

ने.सं.११४४

**विषय -नापजाँच भएका दर्ता छुट भएका जग्गा दर्ता सम्बन्धि सुचना ।**

प्रस्तुत विषयमा श्री भूमि व्यवस्थापन तथा अभिलेख विभाग ववरमहल काठमाण्डौंको प.सं.२०८०/२०८१/ज.प्र.१६/१/६०२ चलानी नं.२००४ मिति २०८०/१०/२४ गतेको पत्रअनुसार मालपोत ऐन २०३४ को दफा ७ को उपदफा (२) प्रयोजनार्थ रैकर र गुठी अन्तरगतको छुट जग्गा दर्ता सम्बन्धमा मालपोत नियमावली २०३६ को नियम ४क को उपनियम (१) वमोजिमको सुचना खण्ड ७३ (संख्या५०) नेपाल राजपत्र भाग ५ मिति २०८०/१०/११मा प्रकाशित भएको सुचना अनुसार (जग्गा नापँ जाँच ऐन २०१९ को आधारमा) नापनक्शा भएको तर जग्गा दर्ता गर्न सम्म छुट भएका जग्गा दर्ता गर्न चाहाने जग्गावालाले निवेदन दिने र फच्छौंट गर्ने म्याद नेपाल राजपत्रमा सुचना प्रकासन भएको मिति २०८०/१०/११ को मितिले (२) वर्ष तोकिएको हुँदा तोकिएको समय भित्र छुट जग्गा दर्ता गर्न चाहाने जग्गावालाले तपशिल वमोजिमका कागजातहरु संलग्न राखी यस कार्यालयमा निवेदन दिनुहुन सम्वन्धित सवैको जानकारीका लागी यो सुचना प्रकाशित गरिएको छ ।

तपशिल

(१)जग्गा दर्ता प्रयोजन खुलाईएको, रोक्का भए नभएको खुलेको क्षेत्रिय किताव (फिल्डवुक)उतारको प्रमाणित प्रतिलिपी,(विरहको महलमा सार्वजनिक,पर्ती,ऐलानी,वगर,पानीघाट,गौचरण,वनवुट्टेन लगायतका विवरण उल्लेख नभएको)

(२)जग्गाको नक्शा,

(३)मालपोत तिरेको निस्सा (दरपिट गरेको रसिद),

(४)नागिरकताको प्रमाणित प्रतिलिपी,

(५)साविक जग्गावालाको विवरण (पुरानो मोठ ढड्डा ),

(६)भुमि सम्बन्धि नियमहरु २०२१ को अनुसुची ७ (जग्गाको विवरण),

(७)स्थानिय तहको किटानी सिफारिस (तिनपुस्ता सहित जग्गा दर्ता गरी दिने व्यहोरा सहित जग्गा हकभोगको सिफारिस,

(८)नामसारी दर्ता गर्नु पर्ने भए मृत्युदर्ता प्रमाण पत्र, नाताप्रमाणित प्रमाण पत्र,हकवाला एकिन भएको सिफारिस दाखिला खारेज गर्नु पर्ने भए हक पुगेको लिखत वा प्रमाण,

(९) स्थलगत मुचुल्का र आवश्यकताको आधारमा ३५(पैतिस दिने ) सुचना,

(१०)अन्य आवश्यक कागजात तथा प्रमाणहरु ।

२०८०।१२।०६

ओम बहादुर खत्री

कार्यालय प्रमुख

कार्यालय प्रमुख